# समितिको मिति २०७८/०४/११ गतेको निर्णय

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७८/०४/११ गते बसेको बैठकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट भइरहेका कामकारवाही र भावी कार्यदिशा सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भयो :

१) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा रिक्त रहेको सदस्य पदमा अविलम्ब नियुक्ति प्रक्रिया अगाडी बढाउन नेपाल सरकारलाई निर्देशन दिने ।

२) वित्तिय संघीयतको प्रभावकारी कार्यान्वय गर्ने सन्दर्भमा नेपाल सरकारलाई देहाय बमोजिम निर्देशन दिने :

- प्राकृतिक स्रोत सम्बन्धी एकीकृत कानून यथाशिघ्र निर्माण गर्ने,
- एकल र साझा अधिकार सूचीमा थप स्पष्ट गर्ने,
- स्थानीय तहमा जाने विभिन्न प्रकारका अनुदान रकमलाई एकीकृत र नतीजामुखी बनाउने नीति निर्माण गरी कार्यान्वयन गर्ने,
- दोहरो राजस्व अधिकार क्षेत्र भित्र परेका विषयमा त्यस्ता कर, राजस्व उठाउने र बाँडने सम्बन्धमा थप स्पष्ट गर्ने,
- अन्तर सरकारी वित्तिय हस्तान्रणलाई वस्तुगत र यर्थाथ परक र समन्यायिक बनाउन स्थानीय तहसम्म खण्डीकृत, स्तरीकृत र अद्यावधिक तथ्याङ्क तयार गर्ने ।

३) समितिको आ.व. २०७७/०७८ को बार्षिक प्रतिवेदनको मस्यौदा अध्ययन तथा छलफलको लागि माननीय सदस्यहरुलाई वितरण गरियो ।